कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित र नेपाल सरकार, उद्योग विभागबाट ईजाजतपत्रप्राप्त

# सर्वोत्तम सिमेन्ट लिमिटेड
# Sarbottam Cement Limited

SARBOTTAM CEMENT

रजिष्टर्ड कार्यालय (कर्पोरेट) : का.म.न.पा. वडा नं. ३२ तिनकुने, सुविधानगर, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४१११७०९/४१११९४२ फ्याक्स नं. ०१-४१११५६७
इमेल: info@Sarbottamcement.com वेबसाइट: www.sarbottamcement.com

## बुक विल्डिङ्ग विधि मार्फत योग्य संस्थागत लगानीकर्ताको लागि बोलकबोल प्रस्ताव आह्वान सम्बन्धी सूचना

सर्वोत्तम सिमेन्ट लिमिटेडले कम्पनीको जारी पूँजी रु.४,६५,००,००,०००।- (अक्षरेपी चार अर्ब पैंसठ्ठी करोड रुपैयाँ मात्र) को १२.९०३३ प्रतिशतले हुन आउने रु.६०,००,००,०००।- (अक्षरेपी साठी करोड मात्र) बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००।- दरको ६०,००,००० कित्ता शेयर बुक विल्डिङ्ग विधि मार्फत निष्काशन गर्न लागेको र सो मध्ये ४० प्रतिशत अर्थात २४,००,००० कित्ता शेयरको लागि शुरुमा बिक्री मूल्य सीमा रु.५०१।०० देखि रु.७५१।५० सम्म रहेकोमा देशको समग्र बजार अवस्थाको मध्ये नजर गरी परिमार्जित बिक्री मूल्य सीमा न्यूनतम रु.४०१।- देखि अधिकतम रु.६०१।५० कायम गरिएको र नेपाल स्टक एक्सचेञ्ज लि. ले सञ्चालन गर्ने बोलकबोल प्रक्रियामा योग्य संस्थागत लगानीकर्ताहरुलाई सहभागि गराई परिमार्जित बिक्री मूल्यको सीमा भित्र रहि बोलकबोल मार्फत **आज मिति २०८०/०८/०६ गते** देखि **मिति २०८०/०८/१० गते** सम्म निष्काशन तथा बिक्री हुनु गइरहेको व्यहोरा अनुरोध छ ।

**बिक्री मूल्य सीमा न्यूनतम रु.४०१।- देखि अधिकतम रु.६०१।५० कायम**

### कम्पनीको प्रबन्धपत्र, नियमावली तथा विवरणपत्र प्राप्त गर्ने वा हेर्न सकिने स्थानहरु :

| क्र.सं. | कम्पनीको नाम र ठेगाना | कैफियत |
|---|---|---|
| १. | **निष्काशनकर्ता कम्पनी** : श्री सर्वोत्तम सिमेन्ट लिमिटेड, सुविधानगर, तीनकुने, काठमाण्डौं । | कार्यालय समयभित्र सम्पर्क राखि विवरणपत्र प्राप्त गर्न वा हेर्न सकिनेछ |
| २. | **निष्काशन तथा बिक्री प्रबन्धक** : श्री ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाण्डौं । | |
| ३. | **सह–निष्काशन तथा बिक्री प्रबन्धक** : श्री एनआइएमबि एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौं । | |
| ४. | **सह निष्काशन तथा बिक्री प्रबन्धक** : श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौ । | |
| ५. | **नेपाल धितोपत्र बोर्डको वेबसाइट** : www.sebon.gov.np | |

### धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्थाः

स्वीकृत विवरणपत्र मार्फत बुक बिल्डिङ्क विधिद्वारा योग्य संस्थागत लगानीकर्ताहरुको लागि छुट्टाइएको शेयरको बोलकबोल मार्फत बिक्री वितरण गर्नका लागि निम्नानुसारका स्थान मार्फत आवेदन फारम दिने व्यवस्था गरिएको छ ।

**१. नेपाल स्टक एक्सचेञ्ज लि. को रजिष्टर्ड (कर्पोरेट) कार्यालय, यूएनआई शान्तिमार्ग, भद्रकालि, काठमाण्डौं ।**

आफूले लिएको बोलपत्र आवेदन फारम रीतपूर्वक भरिसकेपछि शीलबन्दी गरी शीलबन्दी गरिएको गोप्य बोलपत्र फारम नेपाल स्टक एक्सचेञ्ज लि., यूएनआई शान्तिमार्ग, भद्रकालि, काठमाण्डौंमा बुझाउनु पर्नेछ ।

### योग्य संस्थागत लगानीकर्ताहरुको लागि बोलकबोल मार्फत बिक्री खुल्ला अवधिः

| | |
|---|---|
| **शीलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति :** | **२०८०/०८/०६ गते देखि** |
| **शीलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति :** | **२०८०/०८/१० गते कार्यालय समय भित्र** |

**कम्पनीको विगत तथा आगामी तीन वर्षको वास्तविक तथा प्रक्षेपित वित्तीय विवरणः**

| विवरण | वास्तविक | | | आ.व.०७९/८० आषाढ मसान्तसम्मको अपरिष्कृत* | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.०७६/७७ | आ.व.०७७/७८ | आ.व.०७८/७९ | | आ.व.०८०/८१ | आ.व.०८१/८२ | आ.व.०८२/८३ |
| प्रति शेयर नेटवर्थ (रु.) | २४५.२२ | १६०.१३ | १७१.७४ | १८५.१९ | २०७.२२ | २०४.३३ | १९९.८२ |
| प्रति शेयर आम्दानी (रु.) | ३९.२८ | ३२.३५ | ११.५५ | ५.१३ | १७.८२ | २२.११ | २५.४९ |
| जगेडा तथा कोष (रु. हजारमा) | २,८७५,३७४ | २,४३५,२४८ | २,९०५,४३२ | ३,४५०,०२७ | ४,९८५,८१५ | ४,८५१,५३९ | ४,६४१,६५० |

***नोटः** आ.व.२०७४/०७५ देखि कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार वित्तीय प्रतिवेदन प्रस्तुत गरेको हुँदा आम्दानी, लागत खर्च, ह्रासकट्टी तथा प्रशासनिक खर्चहरु NFRS को मापदण्ड अनुसार लेखाङ्कन गरिएको छ ।*

*आ.व. २०७९/८० असार मसान्तको अपरिष्कृत वित्तीय विवरण सुभाष एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्टस्, काठमाण्डौंले प्रमाणित गरिएको हो ।

| | | |
|---|---|---|
| **साधारण लगानी फिर्ता हुने अवधि** | : | **३ वर्ष ९ महिना** |
| **डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि** | : | **४ वर्ष ७ महिना** |

**शर्तहरुः**

१. योग्य संस्थागत लगानीकर्ताले बोलकबोल खुल्ला भएको मिति २०८०/०८/०६ गतेदेखि बोलकबोल बन्द हुने मिति २०८०/०८/१० गतेसम्म जम्मा चार (४) कार्यदिन (कार्यलय समय) भित्र बोलकबोलको दरखास्त फारम पेश गर्न सक्नेछन् ।
२. योग्य संस्थागत लगानीकर्ताले बोलकबोलका लागि आवेदन गर्दा बिक्री मूल्य सीमाभित्र रही आफुले लिन चाहेको धितोपत्रको लागि आवेदन पेश गर्नुपर्नेछ ।
३. कुनै एक योग्य संस्थागत लगानीकर्ताले निष्काशित धितोपत्रको २० प्रतिशतभन्दा बढी धितोपत्रको लागि बोलकबोल प्रस्ताव पेश गर्न पाइने छैन ।
४. निष्काशन कम्पनीसँग कुनै स्वार्थ बाभिने भएमा त्यस्तो योग्य संस्थागत लगानीकर्ताले बोलकबोल प्रक्रियामा सहभागी हुन पाउने छैन ।
५. योग्य संस्थागत लगानीकर्ताले कबोल गरेको शतप्रतिशत रकम ग्लोबल आइएमई क्यापिटल लि. (Global IME Capital Ltd.) को नाममा जारी गरिएको नेपाल क्लियरिङ्ग हाउस लि. को सदस्य भएको बैंक तथा वित्तीय संस्थाको गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) वा IPS/RTGS मार्फत देहायको बैंक खातामा रकम जम्मा गरेको निस्सा यसै निवेदनसाथ संलग्न गरेको हुनुपर्नेछ ।

| क्र.सं. | बैंकको नाम र शाखा | खाताको नाम | खाता नं. |
|---|---|---|---|
| १. | ग्लोबल आइएमई बैंक लि, कान्तिपथ, काठमाडौं | GICL-BTI Sarbottam Cement IPO | ००१०१०१०००७८४० |

६. बोलकबोल प्रक्रिया नियामक निकायले तोकेका अवस्थामा सोही बमोजिम हुनेछ ।

**यस अघि आशय मूल्य पेश गरी रु.५०१।– वा सो भन्दा बढी मूल्यमा आशय पत्र पेश गरेका योग्य संस्थागत लगानीकर्ताले बोलकबोलको लागि दरखास्त फाराम पेश गर्दा आशय पत्रमा उल्लेखित धितोपत्र संख्या र परिमार्जित बिक्री मूल्य सीमाको न्यूनतम मूल्य रु.४०१।– भन्दा कम नहुने गरी बोलकबोल प्रस्ताव पेश गर्नुपर्ने छ ।**

### क्रेडिट रेटिङ्ग सम्बन्धमा

यस प्रारम्भिक विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट इस्युअर रेटिङ्ग गराई "[ICRANP-IR] BBB (Pronounced ICRA NP Issuer Rating Triple B)" प्रमाणपत्र प्राप्त गरेको छ । "[CRANP-IR] BBB" ले समयमा नै सुरक्षित रुपले वित्तीय दायित्व वहन गर्न मध्यम स्तरको क्षमता रहेको संस्था (Moderate degree of safety regarding timely servicing of financial obligations) भन्ने बुझिन्छ । ईक्रा नेपाल लि.ले ICRANP-IR AAA देखि ICRANP-IR D सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा रेटिङ्ग "ICRANP-IR AAA" ले Highest degree of Safety Regarding Timely Servicing of Financial Obligation जनाउँछ भन्ने "ICRANP-IR D" ले Default or are Expected to be in Default soon भन्ने जनाउँछ ।

इस्युअर रेटिङ्ग प्रदान गरेको मिति : २०८०/०३/०६ (तदनुसार जुन २१, २०२३) बहाल रहने अवधिः २०८१/०३/०५ (तदनुसार जुन २०, २०२४)

यस निष्काशन सम्वन्धी विस्तृत जानकारीको लागि **मिति २०८० कार्तिक १७ गतेको "कारोबार"** दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशन कम्पनीको वेभसाईट www.sarbottamcement.com अथवा निष्काशन तथा बिक्री प्रवन्धकको वेभसाइट www.globalimecapital.com/सह-निष्काशन तथा बिक्री प्रवन्धकहरुको वेभसाइट www.nimbacecapital.com/www. prabhucapital.com मा हेर्नुहुन अनुरोध गर्दछौं ।

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

**सच्याईएको** : मिति २०८० कार्तिक १७ गतेको "कारोबार" दैनिकमा प्रकाशित आह्वान-पत्रको **उच्च ब्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण**को दफा १० को सि.नं. ३ र विवरणपत्रको ग ७ क श्री दिपक बरालको शेयर संख्या नभएको हुनुपर्ने अन्यथा हुन गएकोले यसै सूचना मार्फत सच्याइएको छ ।

**धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः**

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

**ग्लोबल आइएमई क्यापिटल लि.**
पोष्ट बक्स नं. २१५९९, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल
फोन नं. ९७७-०१-५९७०१३८, फयाक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com

**सह–निष्कासन तथा बिक्री प्रबन्धकहरुः**

NIMB ACE CAPITAL LIMITED
Managing Shares. Managing Investments.

**एनआइएमबि एस क्यापिटल लिमिटेड**
लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४५२५२८०, फ्याक्सः ४००५०८४
इमेलः info@nimbacecapital.com, वेबसाइटः www.nimbacecapital.com

PRABHU CAPITAL
(A Subsidiary of Prabhu Bank Limited)

**प्रभु क्यापिटल लिमिटेड**
कमलादी, काठमाण्डौं, नेपाल, फोनः ४२२२९३९, ४२२२९४६
इमेलः info@prabhucapital.com, वेबसाइटः www. prabhucapital.com

मिति २०८०/०८/०६ गतेको नागरिक दैनिकमा प्रकाशित गरिने